# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५०) काठमाडौं, कात्तिक २४ गते २०५७ साल (अतिरिक्ताङ्क ४०(ख)


## भाग ३

श्री ५ को सरकार

शिक्षा तथा खेलकुद मन्त्रालयको सूचना

### राष्ट्रिय शिक्षक सेवा आयोग नियमावली, २०५७

शिक्षा ऐन,२०२८ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरु बनाएको छ ।

परिच्छेद-१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरुको नाम "राष्ट्रिय शिक्षक सेवा आयोग नियमावली,२०५७" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले शिक्षा ऐन,२०२८ सम्झनु पर्छ ।

(ख) "मन्त्रालय" भन्नाले शिक्षा तथा खेलकुद मन्त्रालय सम्झनु पर्छ ।

परिच्छेद-२

आयोगको बैठक तथा काम,कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था

३. आयोगको बैठक सम्बन्धी कार्यविधिः (१) आयोगको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) आयोगको बैठक अध्यक्षले तोकेको स्थान, मिति र समयमा बस्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) आयोगको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरुले आफुहरुमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(४) आयोगको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा आयोगको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(५) आयोगको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

(६) आयोगको बैठकको निर्णय आयोगको बैठकको अध्यक्षता गर्ने व्यक्तिद्वारा प्रमाणित गरी राखिनेछ ।

(७) आयोगको बैठक सम्बन्धी अन्य कार्यविधि आयोग आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

४. **आयोगको काम, कर्तव्य र अधिकार:** आयोगको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) शिक्षकको स्थायी नियुक्ति तथा बढुवाको लागि सिफारिश गर्ने,

(ख) शिक्षकको सेवा, शर्त र सुविधा सम्बन्धी विषयमा मन्त्रालयलाई सुझाब दिने,

(ग) शिक्षकको नियुक्ति तथा बढुवाको लागि लिइने परीक्षाको पाठ्यक्रम निर्धारण गर्ने तथा परीक्षा सम्बन्धी अन्य कार्य गर्ने,

(घ) ऐन वा यस नियमावली बमोजिम आयोगले गर्नुपर्ने काम कारवाहीको विषयमा आवश्यकता अनुसार निरीक्षण तथा जाँचबुझ गर्ने ।

५. **आयोगलाई उपलब्ध गराउनु पर्ने:** आयोग गठन हुनु अघि शिक्षकको नियुक्ति तथा बढुवाका सम्बन्धमा भए गरेका सम्पूर्ण कागजातहरु सम्बन्धित निकायले आयोगलाई उपलब्ध गराउनु पर्नेछ ।

६. **बाँकी कारवाही पूरा गर्नु पर्ने:** आयोग गठन हुनु भन्दा अघि शिक्षकको नियुक्ति तथा बढुवाको सम्बन्धमा बाँकी रहेका काम कारवाही आयोगले ऐन तथा शिक्षा नियमावली,२०४९ को अधीनमा रही पूरा गर्नु पर्नेछ ।

## परिच्छेद-३

## शिक्षक नियुक्तिको सिफारिश सम्बन्धी व्यवस्था

७. **पदपूर्तिको माध्यम:** प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक विद्यालयको तृतीय श्रेणीको रिक्त पद खुला प्रतियोगितात्मक परीक्षाको माध्यमबाट र द्वितीय र प्रथम श्रेणीको रिक्त पद बढुवाको माध्यमबाट पूर्ति गरिनेछ ।

८. **विवरण उपलब्ध गराउनु पर्ने:** सम्बन्धित जिल्ला शिक्षा कार्यालयले जिल्लाभित्रका सार्वजनिक विद्यालयहरुमा रहेको स्वीकृत रिक्त दरबन्दीको विवरण प्रत्येक ६ महिनामा आयोगमा पठाउनु



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पर्नेछ । त्यसरी विवरण पठाउँदा जिल्ला शिक्षा कार्यालयले कुन विद्यालयको कुन कुन तहको दरवन्दी रिक्त रहेको छ सो समेत स्पष्ट खुलाउनु पर्नेछ ।

९. **योग्यता तथा तालिम सम्बन्धी व्यवस्थाः**(१) शिक्षकको पदमा नयाँ नियुक्ति हुनको लागि देहायका शैक्षिक योग्यता र तालिम प्राप्त गरेको हुनु पर्नेछः-

(क) प्राथमिक विद्यालयको शिक्षकको लागि माध्यमिक शिक्षा परीक्षा उत्तीर्ण वा सो सरहको शैक्षिक योग्यता प्राप्त गरी दश महिने वा सो सरहको तालिम लिएको वा माध्यमिक शिक्षा उत्तीर्ण परीक्षामा चारसय पूर्णाङ्को शिक्षा विषय लिई सो परीक्षा उत्तीर्ण गरेको,

(ख) निम्न माध्यमिक विद्यालयको शिक्षकको लागि शिक्षा विषय लिई प्रविणता प्रमाणपत्र उत्तीर्ण गरेको वा प्रविणता प्रमाणपत्र वा सो सरहको परीक्षा उत्तीर्ण गरी दश महिने तालिम लिएको,

(ग) माध्यमिक विद्यालयको शिक्षकको लागि शिक्षा विषय लिई स्नातक गरेको वा स्नातक वा सो सरहको परीक्षा उत्तीर्ण गरी दश महिने तालिम लिएको ।

(२) तल्लो तहको कुनै शिक्षकले माथिल्लो तहको तालिम लिएको भए यस नियमको प्रयोजनको लागि तालिम लिएको मानिनेछ ।

१०. **उम्मेदवारको लागि अयोग्यताः** देहायका व्यक्तिहरु शिक्षक पदमा उम्मेदवार हुनको लागि योग्य हुन सक्ने छैनन् :-

(क) गैर नेपाली नागरिक,

(ख) १८ वर्ष उमेर नपुगेको,

(ग) ४० वर्ष उमेर पूरा भएको,

(घ) मगज विग्रेको,

(ङ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको,

(च) भविष्यमा सरकारी नोकरी वा शिक्षक सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको,

(छ) नियम ९ बमोजिमको तालिम नलिएको,

तर देहायका अवस्थामा शिक्षक पदमा उम्मेदवार हुन खण्ड (ग) वा (छ) ले बाधा पुऱ्याएको मानिने छैन :-

(१) रिक्त दरवन्दी पदमा अस्थायी नियुक्ति पाई घटीमा तीन वर्षसम्म अटुट रुपमा सेवा गरी उमेरको हदभित्र रहेका शिक्षक यो नियमावली प्रारम्भ भएपछि हुने पहिलो विज्ञापनमा उम्मेदवार हुन,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) स्थायी नियुक्ति भई वहालवाला शिक्षकको रुपमा काम गरिरहेको शिक्षकलाई उम्मेदवार हुन,

(३) महिला र अपाङ्कोको हकमा तीनवर्ष र अन्यको हकमा दुई वर्षसम्म हुने विज्ञापनमा तालिम नलिएपनि उम्मेदवार हुन ।

११. **पाठ्यक्रम, परीक्षण प्रणाली तथा मूल्याङ्कन प्रकृया:**(१) आयोगबाट लिइने परीक्षाको पाठ्यक्रम, परीक्षण प्रणाली तथा मूल्याङ्कन प्रकृया आयोगले तोके बमोजिम हुनेछ ।

(२) उपनियम (१) को प्रयोजनको लागि आयोगले विशेषज्ञ सहितको समिति गठन गर्न सक्नेछ ।

(३) आयोगले निर्धारित पाठ्यक्रममा कुनै संशोधन गरेमा परीक्षाको मिति भन्दा तीन महिना अगावै त्यसको सूचना प्रकाशन गर्नु पर्नेछ ।

१२. **प्रतियोगिताको लागि विज्ञापन गर्नु पर्ने:** (१) आयोगले रिक्त शिक्षक पदपूर्ति गर्न आवश्यक विवरण खुलाई राष्ट्रियस्तरको पत्रपत्रिकाको माध्यमबाट विज्ञापन गराउनु पर्नेछ । यसरी विज्ञापन गर्दा छुट्टाछुट्टै जिल्लाको छुट्टाछुट्टै विज्ञापन गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम विज्ञापन गर्दा ऐनको दफा ११च. को उपदफा (१) को खण्ड (ग) मा उल्लेखित परीक्षाको तरिकाहरुमध्ये कुन कुन तरिकाद्वारा प्रतियोगिता हुने हो सो समेत खुलाउनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम विज्ञापन गर्दा दरखास्त पेश गर्नु पर्ने म्याद सामान्यतया ३० दिनमा नघटाई तोक्नु पर्नेछ ।

१३. **दरखास्त बुझाउनु पर्ने:**प्रतियोगितामा भाग लिन चाहने उम्मेदवारले आयोगबाट निर्धारित दरखास्त फाराम भरी आयोगले तोके बमोजिमको परीक्षा दस्तुर दाखिला गरेको निस्सा सहित विज्ञापनमा तोकिएको स्थान र अवधिभित्र दरखास्त फाराम बुझाउनु पर्नेछ ।

१४. **दरखास्तको छानबिन प्रवेशपत्र आदि सम्बन्धी व्यवस्था:** (१) नियम १३ बमोजिम पर्न आएका दरखास्त छानबीन गर्दा रीत पुगेको देखिएमा आयोगले सम्बन्धित उम्मेदवारलाई प्रवेशपत्र दिनु पर्नेछ ।

(२) आयोगले सामान्यतया कुनै पनि दरखास्त शर्त राखी स्वीकृत गर्ने छैन ।

(३) यस नियमावली बमोजिम विज्ञापन वा परीक्षा रद्द गरिएमा वा उम्मेदवारको दरखास्त अस्वीकृत भएमा उम्मेदवारले बुझाएको परीक्षा दस्तुर फिर्ता हुनेछ ।

तर नियम २६ बमोजिम दरखास्त रद्द भएमा परीक्षा दस्तुर फिर्ता हुनेछैन ।

१५. **स्वीकृत नामावलीको सूची टाँस गर्नु पर्ने:** आयोगले दरखास्त दिने अन्तिम म्याद समाप्त भएपछि दरखास्त स्वीकृत भएका सबै उम्मेदवारहरुको नामावलीको सूची तयार गरी सूचना पाटीमा टाँस गर्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१६. **परीक्षा हुने मिति, समय र केन्द्र:** यस नियमावली बमोजिम लिने परीक्षा आयोगले तोकेको मिति, समय र केन्द्रमा सञ्चालन हुनेछ ।

१७. **परीक्षाको स्तर:** यस नियमवाली बमोजिम लिइने परीक्षाको स्तर आयोगले तोके बमोजिम हुनेछ ।

१८. **परीक्षाको पूर्णाङ्क र उत्तीर्णाङ्क:** (१) आयोगबाट लिइने प्रतियोगितात्मक परीक्षाको पूर्णाङ्क देहाय बमोजिम हुनेछ :-

(क) लिखित परीक्षाको १०० अङ्क
(ख) प्रयोगात्मक परीक्षाको २५ अङ्क
(ग) अन्तरवार्ताको २५ अङ्क

(२) उपनियम (१) बमोजिम लिइने लिखित परीक्षा र प्रयोगात्मक परीक्षाको उत्तीर्णाङ्क क्रमश: पैंतीस र दश अङ्क हुनेछ ।

१९. **प्रयोगात्मक परीक्षा:** (१) विषयको प्रकृति हेरी आवश्यक ठानेमा आयोगले प्रयोगात्मक परीक्षा लिनेछ ।

(२) प्रयोगात्मक परीक्षा लिंदा आयोगले सम्बन्धित उम्मेदवारलाई त्यस्तो परीक्षाको लागि साधन उपलब्ध भएको अन्य कुनै कार्यालय वा संस्थामा पठाउन सक्नेछ । त्यसरी प्रयोगात्मक परीक्षा लिंदा आयोगले सम्बन्धित विषयको विशेषज्ञको समेत सहयोग लिन सक्नेछ ।

२०. **सफल उम्मेदवारहरुको सूची प्रकाशन गरिने:** (१) लिखित र प्रयोगात्मक परीक्षा लिइएकोमा सो परीक्षा समेतबाट उत्तीर्ण भई सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारहरु मध्येबाट देहायको अनुपातमा उत्तीर्ण उम्मेदवारहरु थप गरी अन्तरवार्ताको लागि उम्मेदवारको नाम वर्णानुक्रम अनुसार प्रकाशन गरिनेछ :-

| रिक्त पदसंख्या | थप हुने संख्या |
|---|---|
| १ देखि ५ | २ |
| ६ देखि १० | ३ |
| ११ देखि १५ | ४ |
| १६ देखि २० | ५ |
| २१ देखि २५ | ६ |
| २६ देखि ३० | ७ |
| ३१ देखि ३५ | ८ |
| ३६ देखि ४० | ९ |
| ४१ र सो भन्दा माथि २० प्रतिशत | |

तर अन्तिम क्रमसंख्यामा एकजना भन्दा बढी उम्मेदवारले बराबर अङ्क प्राप्त गरेमा त्यस्तो सबै उम्मेदवारको नाम प्रकाशन गरिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६४२

(२) नियम १८ बमोजिम उत्तीर्णाङ्क प्राप्त गर्ने उम्मेदवार आवश्यक संख्यामा नभएमा जति जनाले उत्तीर्णाङ्क प्राप्त गरेका छन् त्यति उम्मेदवारको नाम प्रकाशन गरिनेछ ।

(३) आयोगले लिखित परीक्षाको नतिजा प्रकाशन गर्दा समान स्तरका विभिन्न पदका लागि एउटै समयमा भएको भिन्दा भिन्दै शिक्षक पदको नतिजा प्रकाशित नामावलीमा परेको मध्ये जतिजना उम्मेदवारको नाम अर्को पदको नतिजा प्रकाशनमा परेको छ त्यतिकै संख्यामा थप उम्मेदवारहरुको नाम समावेश गरी नतिजा प्रकाशन गर्नु पर्नेछ ।

(४) आयोगले लिखित परीक्षाको नतिजा प्रकाशन गर्दा कुनै उम्मेदवार समान श्रेणीको वा सो भन्दा माथिल्लो श्रेणी वा पदमा पहिले नै सिफारिश भइसकेको भए लिखित परीक्षाको नतिजाबाट त्यस्तो उम्मेदवारको नाम हटाउनु पर्नेछ ।

(५) उपनियम (१) बमोजिम नाम प्रकाशन गर्दा अन्तरवार्ता हुने मिति, समय र स्थान समेत खुलाउनु पर्नेछ ।

२१. **अन्तर्वार्ता सम्बन्धी व्यवस्था:** (१) नियम २० बमोजिम प्रकाशित सूचनामा उल्लेखित उम्मेदवारको अन्तर्वार्ता लिनको लागि आयोगले सम्बन्धित क्षेत्रका विशेषज्ञ सहित रहेको कम्तीमा तीन सदस्यीय अन्तर्वार्ता समिति गठन गर्नेछ ।

(२) अन्तर्वार्ता समितिको बैठक सम्बन्धी कार्यविधि आयोगले तोके बमोजिम हुनेछ ।

२२. **अन्तर्वार्ताको अङ्क:** अन्तर्वार्ताको लागि छुट्याइएको पच्चीस अङ्क देहाय बमोजिम दिइनेछ :-

(क) अनुभव बापत सोही श्रेणीको पदमा अस्थायी काम गरे वापत प्रत्येक वर्षको एक नम्बरको दरले बढीमा दश अङ्क,

(ख) शैक्षिक योग्यता बापत सेवा प्रवेशको लागि तोकिएको शैक्षिक योग्यताको प्रथम श्रेणीको भए तीन, द्वितीय श्रेणीको भए दुई र तृतीय श्रेणीको भए एक अङ्कका दरले बढीमा तीन अङ्क,

(ग) अन्तर्वार्ता बापत बढीमा बाह्र अङ्क,

तर अन्तर्वार्ताको अङ्क दिंदा कुनै उम्मेदवारलाई ७० प्रतिशत भन्दा वढी र ३५ प्रतिशत भन्दा कम दिनुपर्ने भएमा त्यस्तो नम्वर दिनुपर्ने स्पष्ट कारण खुलाउनु पर्नेछ ।

२३. **छूट अन्तर्वार्ता लिन सक्ने:** अन्तर्वार्ताको निमित्त छानिएको उम्मेदवारले देहायका कारण देखाई अन्तर्वार्ता सम्पन्न भएको मितिले दशदिन भित्र अन्तर्वाताको लागि उपस्थित हुन नसकेको प्रमाण



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सहित निवेदन दिएमा र जाँचबुझ गर्दा मनासिब देखिएमा आयोगले अन्तर्वार्ता भएको मितिले पन्ध्र दिन भित्र त्यस्तो छूट उम्मेदवारको अन्तर्वार्ता लिन सक्नेछः-

(क) भवितव्य परेमा,

(ख) सरकारी कामको कारणबाट उपस्थित हुन नसकेमा,

(ग) किरिया बस्नु परेमा,

(घ) सुत्केरी भएमा,

(ङ) अशक्त विरामी भएको कुरा चिकित्सकबाट प्रमाणित भएमा ।

**स्पष्टीकरण:** भवितव्य भन्नाले बाढी, पैह्रो गई बाटो बन्द हुनु आदि कारणलाई जनाउनेछ ।

२४. **योग्यताक्रम प्रकाशित गर्ने:** (१) आयोगले लिखित र प्रयोगात्मक परीक्षा लिएको भए सो परीक्षामा सफल भएका उम्मेदवारले अन्तर्वार्तामा प्राप्त गरेको अङ्क जोडी सबै परीक्षाबाट सफल भएका उम्मेदवारको नाम नियुक्तिको लागि सिफारिश सहित योग्यताक्रम प्रकाशित गर्नु पर्नेछ । त्यसरी सिफारिश गर्दा उपलब्ध भएसम्म रिक्त पद संख्याको दश प्रतिशतले हुने संख्यामा उम्मेदवारको नाम प्रतिक्षा सूचीमा राख्नु पर्नेछ ।

(२) समानस्तरको एक भन्दा बढी पदमा सफल हुने उम्मेदवारलाई आयोगले तोके बमोजिमको आधारमा कुनै एक पदका लागि मात्र सिफारिश गर्नेछ ।

२५. **बैकल्पिक उम्मेदवारलाई नियुक्त गर्न सक्ने:** (१) जिल्ला शिक्षा अधिकारीले देहायका अवस्थामा बैकल्पिक सूचीमा रहेका उम्मेदवारलाई योग्यता क्रमानुसार नियुक्ति गर्न सक्नेछः-

(क) सिफारिश गरिएको उम्मेदवारले नियुक्तिको सूचना प्रकाशित भएको वा सूचना पाएको मितिले तीस दिनभित्र नियुक्ति पत्र नलिएमा,

(ख) सिफारिश गरिएको उम्मेदवारको मृत्यु भई वा निजले राजीनामा दिई वा माथिल्लो तहको पदमा नियुक्ति लिएको कारण परीक्षणकाल भित्रै पद रिक्त हुन आएमा,

(ग) नियुक्ति पत्र लिएको मितिले ३० दिनभित्र पदस्थापन गरिएको विद्यालयमा हाजिर नभएमा ।

(२) उपनियम (१) बमोजिम वैकल्पिक उम्मेदवारलाई नियुक्त गरेकोमा जिल्ला शिक्षा अधिकारीले त्यसको जानकारी तुरुन्त आयोगलाई दिनु पर्नेछ ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आयोगले सिफारिश गरेको एक वर्ष नाघेपछि कुनै पनि बैकल्पिक उम्मेदवारलाई नियुक्ति गरिने छैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६४५

२६. **दरखास्त रद्द वा सिफारिश बदर हुन सक्ने:** (१) कुनै उम्मेदवारले झुठ्ठा विवरण दिएको प्रमाणित भएमा वा परीक्षाको मर्यादा भङ्ग गरेमा वा त्यस्तो कार्य गर्ने उद्योग गरेमा आयोगले त्यस्तो उम्मेदवारको दरखास्त रद्द गर्न सक्नेछ ।

(२) आयोगबाट नियुक्तिको लागि सिफारिश भएको कुनै उम्मेदवारले नियुक्ति लिन नपाउँदै निज सिफारिश हुन नसक्ने कुनै प्रमाणिक कारण उपलब्ध भएमा आयोगले त्यस्तो उम्मेदवारको सिफारिश बदर गर्न सक्नेछ ।

(३) कुनै उम्मेदवारले झुठो विवरण दिएको कुरा त्यस्तो उम्मेदवार सिफारिश गरिएको पदमा नियुक्ति भइसकेपछि थाहा हुन आएमा आयोगले निजउपर विभागीय कारवाहीको लागि सम्बन्धित अधिकारी समक्ष लेखी पठाउनु पर्नेछ ।

परिच्छेद-४

## बढुवा सम्बन्धी व्यवस्था

२७. **बढुवाको निमित्त सम्भाव्य उम्मेदवार बन्न सक्ने:** बढुवाको लागि उम्मेदवार हुन सम्बन्धित श्रेणीको तहमा पाँच शैक्षिक सत्रको नोकरी अवधि पूरा गरेको स्थायी शिक्षक हुनु पर्नेछ ।

तर देहायको अवस्थामा देहायको अवधिभर कुनै पनि शिक्षक बढुवाको लागि उम्मंदेवार हुन पाउने छैन :-

(क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ख) बढुवा रोक्का गरिएकोमा रोक्का भएको अवधिभर,

(ग) तल्लो पदमा घटुवा गरेकोमा घटुवा भएको मितिले दुई वर्षसम्म,

(घ) तलब वृद्धि (ग्रेड) रोक्का भएकोमा रोक्का भएको मितिले एक वर्षसम्म ।

२८. **बढुवाको लागि पद निर्धारण र बढुवाको आधार:** (१) प्राथमिक, निम्नमाध्यामिक र माध्यामिक तहको प्रथम र द्वितीय श्रेणीको रिक्त पदहरु मध्ये २५ प्रतिशत आन्तरिक प्रतियोगितात्मक परीक्षा र ७५ प्रतिशत कार्य सम्पादन मूल्याङ्कनको आधारमा बढुवाद्वारा पूर्ति गरिनेछ ।

(२) आयोगले शिक्षकलाई बढुवाको लागि सिफारिश गर्दा निजको कार्य क्षमताको आधारमा गर्नेछ । शिक्षकको कार्य क्षमताको मूल्याङ्कन गर्दा देहाय बमोजिम बढीमा १०० अङ्क दिइनेछ :-

| | |
|---|---|
| नोकरीको जेष्ठता बापत | -३० अङ्क |
| शैक्षिक योग्यता बापत | -१५ अङ्क |
| तालिम बापत | -१५ अङ्क |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कार्य सम्पादन मूल्याङ्कन बापत -४० अङ्क

(३) आयोगले उपनियम (२) बमोजिम मूल्याङ्कन गरी सबैभन्दा बढी अङ्क प्राप्त गर्ने शिक्षकलाई सबैभन्दा पहिले बढुवाको लागि सिफारिश गर्नु पर्नेछ । समान अङ्क प्राप्त गर्ने शिक्षकको हकमा नोकरीको जेष्ठताको आधारमा बढुवाको लागि सिफारिश गरिनेछ ।

२९. **नोकरीको जेष्ठता:** (१) नोकरीको जेष्ठता गणना गर्दा हाल वहाल रहेको श्रेणीको तहमा काम गरेको प्रत्येक शैक्षिक सत्रका लागि अङ्क २ का दरले बढीमा ३० अङ्क प्रदान गरिनेछ ।

तर

(१) जेष्ठता वापतको अङ्क गणना गर्दा एक शैक्षिक सत्र भन्दा बढी चानचुन महिना वा दिनको लागि दामासाहीको हिसावले अङ्क दिइनेछ ।

(२) यस खण्डको प्रयोजनको लागि गयल भएको वा असाधारण विदामा बसेको अवधिको अङ्क दिइने छैन ।

(२) यस परिच्छेदको प्रयोजनको लागि स्थायी सेवा वीचमा टुटेको भए त्यस्तो टुटेको अवधि कट्टा गरी बाँकी काम गरेको अवधि समेत गणना गरिनेछ । साथै अटुट रुपमा अस्थायी शिक्षक भई काम गरेको भए सो अवधिको पचास प्रतिशत समेत गणना गरिनेछ ।

तर तलव नपाउने गरी विद्यालयमा अनुपस्थित रहेको अवधिलाई काम गरेको अवधि मानिने छैन ।

३०. **शैक्षिक योग्यता:** (१) शिक्षकलाई शैक्षिक योग्यता वापत अङ्क दिंदा सेवा प्रवेशको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताको प्रथम श्रेणीको भए १० अङ्क, द्वितीय श्रेणीको भए ८ अङ्क र तृतीय श्रेणीको भए ६ अङ्क दिइनेछ । न्यूनतम शैक्षिक योग्यता भन्दा माथिको कुनै एक शैक्षिक उपाधि हासिल गरेको भए सो एक उपाधिको प्रथम श्रेणीको भए ५ अङ्क, द्वितीय श्रेणीको भए ३ अङ्क र तृतीय श्रेणीको भए २ अङ्क दिइनेछ ।

(२) श्रेणी नखुलेको शैक्षिक योग्यता वापत द्वितीय श्रेणी सरहको अङ्क दिइनेछ ।

३१. **तालिम:** (१) तालिम वापत देहायका दरले वढीमा १५ अङ्क दिइनेछ :-

(क) न्यूनतम शैक्षिक योग्यता पूरा गरी सम्वन्धित तह वा सो भन्दा माथिल्लो स्तरको शिक्षा शिक्षणसंग सम्वन्धित दश महिना वा सो भन्दा वढी अवधिको तालिम प्राप्त गरेको वा प्राथमिक शिक्षकको हकमा ४०० पूर्णाङ्कको शिक्षा विषय लिई माध्यमिक शिक्षा उत्तीर्ण गरेकोलाई तालिम वापत प्रथम श्रेणीको भए १५ अङ्क, द्वितीय श्रेणीको भए १२ अङ्क र तृतीय श्रेणीको भए १० अङ्क ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
६४८

(ख) न्यूनतम शैक्षिक योग्यता पूरा गरी सम्बन्धित तह वा सो भन्दा माथिल्लो स्तरको शिक्षा शिक्षणसंग सम्बन्धित पाँच महिना वा सो भन्दा वढी अवधिको तालिम प्राप्त गरेकालाई प्रथम श्रेणीको भए ८ अङ्क, द्वितीय श्रेणीको भए ६ अङ्क र तृतीय श्रेणीको भए ५ अङ्क,

(ग) न्यूनतम शैक्षिक योग्यता पूरा गरी सम्बन्धित तह वा सो भन्दा माथिल्लो स्तरको शिक्षा शिक्षणसंग सम्बन्धित अढाई महिना वा सो भन्दा वढी अवधिको तालिम प्राप्त गरेकालाई प्रथम श्रेणीको भए ४ अङ्क, द्वितीय श्रेणीको भए ३ अङ्क र तृतीय श्रेणीको भए २.५ अङ्क ।

(२) श्रेणी नखुलेको तालिम बापत द्वितीय श्रेणी सरहको अङ्क दिइनेछ ।

(३) शिक्षा विषय लिई प्रमाणपत्र तह, स्नातक तह वा स्नातकोत्तर तह उत्तीर्ण गरेकाहरुलाई न्यूनतम योग्यता र तालिम बापतको अङ्क समेत दिइनेछ ।

३२. **कार्य सम्पादन मूल्याङ्कनः** (१) शिक्षकको कार्य सम्पादन मूल्याङ्कन गर्न अनुसूची बमोजिमको कार्य सम्पादन मूल्याङ्कन फाराम प्रयोग गरिनेछ ।

(२) प्राथमिक तहको शिक्षकको सुपरिवेक्षक प्रधानाध्यापक तथा विद्यालय निरीक्षक र पुनरावलोकनकर्ता जिल्ला शिक्षा अधिकारी हुनेछ । निम्नमाध्यमिक तथा माध्यमिक तहको शिक्षकको सुपरिवेक्षक प्रधानाध्यापक तथा जिल्ला शिक्षा अधिकारी र पुनरावलोकनकर्ता क्षेत्रीय शिक्षा निर्देशक हुनेछ । प्रधानाध्यापकको दुवै सुपरिवेक्षक जिल्ला शिक्षा अधिकारी र पुनरावलोकनकर्ता क्षेत्रीय शिक्षा निर्देशक हुनेछ ।

तर कार्य सम्पादन मूल्याङ्कन गर्नुपर्ने शिक्षक भन्दा एक तहको माथिको प्रधानाध्यापक नभएमा प्राथमिक तहको शिक्षकको हकमा विद्यालय निरीक्षक र निम्न माध्यमिक तथा माध्यमिक तहको शिक्षकको हकमा जिल्ला शिक्षा अधिकारी सुपरीवेक्षक हुनेछ ।

(३) कार्य सम्पादनको मूल्याङ्कनको प्रयोजनको निमित्त अङ्क गणना गर्दा वढुवाको लागि सम्भाव्य उम्मेदवार हुन जति वर्षको सेवा आवश्यक पर्ने हो पछिल्लो त्यति वर्षको कार्य सम्पादन मूल्याङ्कन फारामको औसतबाट हिसाब गरिनेछ । यो नियमावली प्रारम्भ भएपछि हुने विज्ञापनमा सबै शिक्षकको आर्थिक वर्ष २०५७।५८ को कार्य सम्पादन मूल्याङ्कन गरी अङ्क गणना गर्दा यसै नियमावली बमोजिम कार्य सम्पादन मूल्याङ्कन अनुसार गरिनेछ । वढुवा हुन जतिसुकै वर्षको कार्य सम्पादन मूल्याङ्कन फाराम आवश्यक भए तापनि आर्थिक वर्ष २०५७।०५८ को निमित्त यसै नियम



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बमोजिम एक अवधिको, दोस्रो वर्ष दुई अवधिको, तेस्रो वर्ष तीन अवधिको, चौथो वर्ष चार अवधिको र पाँचौ वर्ष पाँच अवधिको कार्य सम्पादन मूल्याङ्कन फारामको औसत गणना गरिनेछ ।

३३. **बढुवा नामावलीको प्रकाशनः** आयोगले बढुवाका लागि सिफारिश भएका शिक्षकहरुको नामावली सार्वजनिक रुपमा प्रकाशन गर्नु पर्नेछ । सो नामावलीमा सबैभन्दा न्यूनतम अङ्क प्राप्त गर्ने शिक्षकले प्राप्त गरेको अङ्क समेत उल्लेख गर्नु पर्नेछ । त्यसरी बढुवा सिफारिशको नामावली प्रकाशन भएपछि सम्बन्धित कुनै उम्मेदवारले आफूले प्राप्त गरेको अङ्क हेर्न इच्छा गरेमा कार्य सम्पादन मूल्याङ्कन बाहेक अन्य आधारहरु बापत निजले प्राप्त गरेको अङ्क निजलाई हेर्न दिनु पर्नेछ ।

३४. **बढुवा सिफारिश उपरको उजुरी र पुनरावलोकनः** (१) नियम ३३ बमोजिम सिफारिश भएको बढुवा नामावलीको सूचीमा नाम समावेश नहुने शिक्षकले सो बढुवा निर्णय उपर उजुरी दिन चाहेमा बढुवा नामावली प्रकाशन भएको मितिले ३५ दिन भित्र आयोग समक्ष स्पष्ट आधार र प्रमाणहरु उल्लेख गरी उजुरी दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम पर्न आएको उजुरी उपर आयोगले उजुरी गर्ने म्याद समाप्त भएको मितिले सामान्यतया नब्बे दिनभित्र पुनरावलोकन गरी निर्णय दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम पुनरावलोकन गर्दा पहिले प्रकाशित बढुवा सिफारिशको नामावलीमा संशोधन गर्नुपर्ने देखिएमा सोको निर्णय गरी आयोगले संशोधित बढुवा सिफारिशको नामावली प्रकाशित गर्नु पर्नेछ ।

३५. **बढुवा मिति र बढुवा नियुक्तिः** (१) नियम ३३ बमोजिम बढुवा नामावली प्रकाशित भएपछि बढुवाको उजुरीको प्रयोजनको लागि सो नामावली प्रकाशित भएको मितिबाट पैंतीस दिनसम्म बढुवा सिफारिश पाउने उम्मेदवारलाई बढुवा नियुक्ति नदिई प्रतिक्षा सूचीमा राखिनेछ । सो बढुवा सिफारिश उपर उजुरी नपरेमा सो नामावली प्रकाशित भएको मितिले छत्तीसौं दिनको मितिबाट बढुवा हुने श्रेणीको जेष्ठता कायम हुनेगरी नियुक्ति दिनु पर्नेछ ।

(२) बढुवा सिफारिश उपर उजुरी परेमा देहाय बमोजिम जेष्ठता मिति कायम गरी नियुक्ति दिनु पर्नेछ :-

(क) नियम ३४ को उपनियम (३) बमोजिम बढुवा सिफारिशको नामावलीमा संशोधन गर्ने निर्णय भएमा सो बमोजिम संशोधित नामावली प्रकाशन भएको मिति देखि,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) उजुरी खारेज भएमा वा आयोगको पहिलेको सिफारिश नै कायम भएमा पहिलो पटकको बढुवा सिफारिश प्रकाशित भएको मितिले छत्तीसौं दिन देखि ।

३६. **आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा बढुवाको लागि विज्ञापनः** नियम २८ बमोजिम छुट्याइएको प्रतिशत अनुरुप आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा हुने बढुवाद्वारा पूर्ति गर्नुपर्ने पदको लागि आयोगले सम्बन्धित उम्मेदवारले थाहा पाउने गरी विज्ञापन प्रकाशित गर्नु पर्नेछ । सो विज्ञापनमा बढुवा हुने पदको संख्या, आवश्यक शैक्षिक योग्यता एवं सेवा अवधि दरखास्त बुझाउने ठाउँ तथा अन्तिम मिति, जाँच हुने ठाउँ र आवश्यक अन्य विवरण समेत उल्लेख गरेको हुनु पर्नेछ ।

३७. **आन्तरिक प्रतियोगितात्मक परीक्षामा बढुवाको आधारः** आन्तरिक प्रतियोगितात्मक परीक्षाको आधार देहाय बमोजिम हुनेछ :-

(क) लिखित परीक्षा

(ख) अन्तर्वार्ता

३८. **परीक्षाको पाठ्यक्रम तथा बढुवा सिफारिश सम्बन्धी अन्य व्यवस्थाः** (१) आन्तरिक प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम आयोगले तोके बमोजिम हुनेछ ।

(२) शिक्षकलाई आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा बढुवा गर्दा लिइने लिखित परीक्षा र अन्तर्वार्ताको अङ्क विभाजन तथा अन्य व्यवस्था खुल्ला प्रतियोगितात्मक परीक्षा सरह हुनेछ । त्यसरी अन्तर्वार्ताको अङ्क विभाजन गर्दा शिक्षकलाई अनुभव बापत प्रत्येक वर्षको एक अङ्कका दरले बढीमा दश अङ्क दिइनेछ ।

३९. **बढुवा सम्बन्धी विशेष व्यवस्थाः** (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पनि तहको श्रेणीमा शिक्षक पदमा स्थायी नियुक्ति भई सोही तहको सोही श्रेणीबाट निवृत्तभरण पाउने गरी अनिवार्य अवकाश पाउने शिक्षकलाई एक महिना अगावै सोही तहको माथिल्लो श्रेणीमा बढुवा गर्नको लागि आयोगले सिफारिश गर्नेछ ।

(२) उपनियम (१) बमोजिम बढुवा हुने शिक्षकले आफूले अवकाश पाउने मितिभन्दा छ महिना अगावै आवश्यक प्रमाण कागजात समेत संलग्न गरी आयोगमा निवेदन दिनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम बढुवा गर्दा स्वतः विशेष पद श्रृजना भएको मानिनेछ र त्यस्तो शिक्षकले सेवाबाट अवकाश पाएपछि सो बढुवा भएको पद स्वतः खारेज भई साविक पद कायम रहनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परिच्छेद-५

आर्थिक कार्यविधि सम्बन्धी

४०. **खाता संचालन सम्बन्धी व्यवस्था:** सचिवालयको खाताको संचालन आयोगको नियन्त्रण र रेखदेखमा रही आयोगको प्रशासकीय प्रमुख र लेखा सम्बन्धी कार्य गर्ने तोकिएको मुख्य कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

४१. **नगदी जिन्सी सम्बन्धी श्रेस्ताको जिम्मेवारी:** सचिवालयको नगदी, जिन्सी, राजश्व, धरौटी सम्बन्धी श्रेस्ता अद्यावधिक राख्ने वा राख्न लगाउने दायित्व आयोगको प्रशासकीय प्रमुखको हुनेछ ।

४२. **आर्थिक ऐन नियमको प्रक्रिया पूरा गर्नु पर्ने:** आयोगको नाममा विनियोजित रकम खर्च गर्दा आयोगले श्री ५ को सरकारको प्रचलित आर्थिक ऐन नियमको प्रक्रिया पालना गर्नु पर्नेछ ।

परिच्छेद-६

विविध

४३. **अमर्यादित कार्य गरेमा:** आयोगद्वारा संचालित परीक्षामा कुनै उम्मेद्रवारले अमर्यादित कार्य गरेमा वा त्यस्तो कार्य गर्ने उद्योग गरेमा निजलाई आयोगले सो परीक्षाबाट निष्काशन गर्न सक्नेछ ।

४४. **गोप्य रहने:** आयोगले लिने परीक्षासंग सम्बन्धित सबै प्रकारका अभिलेखहरु गोप्य रहने छन् ।

४५. **परीक्षा र विज्ञापन रद्द गर्न सक्ने:** (१) परीक्षा संचालन हुँदाका बखत परीक्षा केन्द्रमा कुनै प्रकारको गडबडि भएमा, कुनै बाधा अवरोध खडा भएमा वा परीक्षा संचालन हुन नसकेमा आयोगले सो दिनको परीक्षा कारण जनाई रद्द गर्न सक्नेछ ।

(२) कुनै पनि परीक्षामा अनियमितता भएमा आयोगले त्यसको कारण जनाई सोसंग सम्बन्धित विज्ञापन रद्द गर्न सक्नेछ ।

४६. **निरीक्षण गर्न सक्ने:** (१) आयोगले तोके बमोजिम जिम्मेवारी पूरा गरे नगरेको सम्बन्धमा आयोगले सम्बन्धित निकायको आवश्यकता अनुसार निरीक्षण गर्न गराउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम निरीक्षण गर्दा आयोगले सुम्पेको जिम्मेवारी अनुरुप काम कारवाही भएको नदेखिएमा सम्बन्धित कर्मचारीलाई विभागीय कारवाहीको लागि मन्त्रालयमा सिफारिश गर्न सक्नेछ ।

४७. **विशेषज्ञको सेवा लिन सक्ने:** आयोगले आफ्नो कार्यसंग सम्बन्धित विषयमा स्वीकृत बजेटको अधिनमा रही मन्त्रालयको स्वीकृति लिई विशेषज्ञको सेवा लिन सक्नेछ ।

४८. **आयोगबाट पारिश्रमिक पाउन सक्ने:** आयोगको काम गर्न आयोगद्वारा नियुक्त व्यक्ति वा गठित समितिका सदस्यले अर्थ मन्त्रालयबाट स्वीकृत भए बमोजिम पारिश्रमिक पाउन सक्नेछन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४९. **बिदा सम्बन्धी व्यवस्था:** (१) अध्यक्ष र सदस्यले श्री ५ को सरकारको राजपत्राङ्कित विशिष्ट श्रेणीका कर्मचारीले पाए सरहको बिदाको सुविधा पाउने छन् ।

(२) अध्यक्षले आफ्नो विदा र काज आफै स्वीकृत गर्न सक्नेछ र सदस्यले विदा र काज लिंदा अध्यक्षको स्वीकृति लिनु पर्नेछ ।

५०. **विवरण उपलब्ध गराउनु पर्ने:** ऐन र यस नियमावली बमोजिम आयोगले माग गरेका अभिलेख वा विवरणहरु सम्बन्धित निकायले आयोगलाई उपलब्ध गराउनु पर्नेछ ।

५१. **कार्य सम्पादन मूल्याङ्कन फाराम उपलब्ध गराउनु पर्ने:** कार्य सम्पादन मूल्याङ्कनको आधारमा हुने बढुवाको लागी सम्भाव्य उम्मेदवारहरुको व्यक्तिगत विवरण र कार्य सम्पादन मूल्याङ्कन फाराम सम्बन्धित निकायले आयोगलाई उपलब्ध गराउनु पर्नेछ ।

५२. **यसै नियमावली बमोजिम हुने:** यो नियमावलीमा लेखिएजति कुरामा यसै नियमावली बमोजिम र अन्यमा शिक्षा नियमावली,२०४९ बमोजिम हुनेछ ।

५३. **कार्यविधि निर्धारण गर्ने:** यस नियमावलीमा व्यवस्था भए देखि वाहेक आयोगवाट गरिनु पर्ने काम कारवाही व्यवस्थित गर्न आयोगले ऐन र यस नियमावली प्रतिकूल नहुने गरी कार्यविधि निर्धारण गर्न सक्नेछ ।

५४. **निर्देशिका जारी गर्न सक्ने:** आयोगले आफ्नो काम कारवाही सुचारु रुपले सञ्चालन गर्नको लागि ऐन र यस नियमावलीको अधीनमा रही आवश्यक निर्देशिका जारी गर्न सक्नेछ ।

५५. **खारेजी:** शिक्षा नियमावली,२०४९ को नियम २२, २३, २४, २५, २५क, २६, २७, ४४, ४९, ५०, ५१, ५२, ५२क., ५२ख., ५२ग. र ९४ तथा अनुसूची- ५ खारेज गरिएका छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची

(नियम ३२ को उपनियम (१) सँग सम्बन्धित)

**कार्य सम्पादन मूल्याङ्कन फाराम**

**फाराम भर्ने निर्देशिका:**

१. यो फाराम प्रत्येक शैक्षिक सत्र शुरु भएको ३० दिनभित्रमा प्रत्येक शिक्षकले आफूले भर्नुपर्ने विवरण भरी आफ्नो विद्यालयको प्रधानाध्यापकलाई बुझाउनु पर्नेछ । नबुझाएमा बढुवाको सम्भाव्य सूचीबाट नाम हटाईनेछ ।

२. प्रधानाध्यापकले आफू कहाँ फाराम प्राप्त भएको मितिले १५ दिनभित्र आफ्नो कार्य सम्पन्न गरी प्रतिक्रिया सहित सम्बन्धित जिल्ला शिक्षा कार्यालयमा बुझाउनु पर्नेछ ।

३. जिल्ला शिक्षा अधिकारीले प्राथमिक शिक्षकको हकमा सुपरीवेक्षण तथा पुनरावलोकनको काम दुई महिनाभित्र समाप्त गरी आयोगमा र निम्न माध्यमिक तथा माध्यामिक शिक्षकको हकमा दुई महिनाभित्र सुपरीवेक्षणको कार्य समाप्त गरी क्षेत्रीय शिक्षा निर्देशक समक्ष बुझाउनु पर्नेछ । क्षेत्रीय शिक्षा निर्देशकले आफूकहाँ फाराम प्राप्त भएको एक महिनाभित्र पुनरावलोकनको कार्य समाप्त गरी आयोगमा बुझाउनु पर्नेछ ।

विवरण पेश गरेको विद्यालयको नाम:

दर्ता नं. मिति:

१. **व्यक्तिगत विवरण:** मूल्याङ्कन अवधि ............ देखि................सम्म

शिक्षकको नाम थर:-

स्थायी ठेगाना:-

पद:- तह:- श्रेणी:-

विद्यालयको नाम:-

जिल्ला:-

ठेगाना: न.पा. गा.वि.स. .................. वडा नं. ........स्थान............

नियुक्ति मिति (प्रतिलिपि संलग्न गर्नुपर्ने) अस्थायी:

शैक्षिक योग्यता ( प्रमाणपत्रको प्रतिलिपि संलग्न गर्नुपर्ने):

| उत्तीर्ण गरेको परीक्षा | संस्थाको नाम | साल | श्रेणी |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**तालिम** (प्रमाणपत्रको प्रतिलिपि संलग्न गर्नुपर्ने):-

| तालिमको नाम | प्रमाणपत्र दिने संस्थाको नाम | अवधि | श्रेणी |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |

२. **कार्य विवरण:**

आफूले गरेको उल्लेखनीय कामको विवरण ( शिक्षकले भर्ने):
(यसमा पठन-पाठन सम्बन्धी विशेष कार्य, अतिरिक्त क्रियाकलाप, विद्यालयको भौतिक एवं आर्थिक सुधार, शिक्षाको स्तर वृद्धि जस्ता कार्यहरु भए सोको विवरण दिने ) ।

१.
२.
३.

शिक्षकको दस्तखत:
मिति:

माथि उल्लेखित शिक्षकको व्यक्तिगत विवरण ठीक छ भनी प्रमाणित गरिन्छ ।

३. **प्रधानाध्यापकले भर्नुपर्ने:**

१. निजले यस शैक्षिक सत्रमा गरेको उल्लेखनीय कार्यहरु:

१.
२.
३.

२. निजको विद्यालयमा उपस्थितिको नियमितता, अध्यापनको स्तर, विद्यालयको कार्यक्रमहरुमा सहभागिता र अनुशासन जस्ता विषयमा प्रधानाध्यापकको राय:

प्रधानाध्यापकको दस्तखत:
नाम:-
मिति:-

४. **कार्यक्षमता मूल्याङ्कन:**

यसमा शिक्षकमा हुनुपर्ने दशवटा गुणहरु दिईएको छ । प्रत्येक गुणको स्तर अनुसार देहाय बमोजिम अङ्क दिन सकिनेछ ।

**पहिलो सुपरीवेक्षकले दिने अङ्क:**

अत्युत्तम २ अङ्क — उत्तम १.५० अङ्क
सन्तोषजनक १ अङ्क — सामान्य ०.५० अङ्क

**दोस्रो सुपरीवेक्षकले दिने अङ्क**

अत्युत्तम १ अङ्क — उत्तम ०.७५ अङ्क
सन्तोषजनक ०.५० अङ्क — सामान्य ०.२५ अङ्क

**पुनरावलोकनकर्ताले दिने अङ्क:**

अत्युत्तम १ अङ्क — उत्तम ०.७५ अङ्क
सन्तोषजनक ०.५० अङ्क — सामान्य ०.२५ अङ्क



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| सि. नं. | | पहिलो सुपरिवेक्षकको मूल्यांकन २० | | | | दोश्रो सुपरिवेक्षकको मूल्यांकन १० | | | | पुनरावलोकनकर्ताको मूल्यांकन १० | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | अत्युत्तम २ | उत्तम १.५० | सन्तोष जनक १ | सामान्य ०.५० | अत्युत्तम १ | उत्तम ०.७५ | सन्तोष जनक ०.५० | सामान्य ० .२५ | अत्युत्तम १ | उत्तम ०.७५ | मन्तोष जनक ०.५० | सामान्य ०.२५ |
| १ | विषयबस्तुको ज्ञान | | | | | | | | | | | | |
| २ | अध्यापन क्षमता | | | | | | | | | | | | |
| ३ | अध्यापन विधि र सिपको प्रयोग | | | | | | | | | | | | |
| ४ | शैक्षिक सामाग्री संकलन, निर्माण र प्रयोग | | | | | | | | | | | | |
| ५ | शिक्षण पेशाप्रति निष्ठा र लगनशीलता | | | | | | | | | | | | |
| ६ | अतिरिक्त क्रियाकलापमा संलग्नता | | | | | | | | | | | | |
| ७ | कक्षा व्यवस्थापन र संचालन विधि | | | | | | | | | | | | |
| ८ | विद्यार्थी प्रतिको व्यवहार | | | | | | | | | | | | |
| ९ | अन्य शिक्षक तथा कर्मचारी प्रतिको व्यवहार | | | | | | | | | | | | |
| १० | अनुशासन र उपस्थिति | | | | | | | | | | | | |
| अंक अक्षरमा कुल जम्मा | | | | | | | | | | | | | |

सुपरिवेक्षकको :
दस्तखत :
नाम :
पद :
मिति :

सुपरिवेक्षकको
दस्तखत :
नाम :
पद :
मिति :

पुनरावलोकनकर्ताको :
दस्तखत :
नाम :
पद :
मिति :

**आज्ञाले,**
**खगेन्द्र वस्न्यात**
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार



मुद्रण विभाग, सिंहदरवार, काठमाण्डौमा मुद्रित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।